# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुहवी, सुनसरी
## १ नम्बर प्रदेश

**<u>दमकल (Fire Fighter) खरिद गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना</u>**

**<u>प्रथम पटक प्रकाशित मिति २०७३□१२□३१</u>**

यस कार्यालयको आ.ब. ०७३□७४ को लागि नेपाल सरकारको अनुदान अन्तर्गत दमकल (Fire Fighter)_खरिद कार्यको लागि निम्न शर्तहरूको अधिनमा रही यो सूचना प्रकाशित मितिबाट ३० दिन भित्रमा शिलबन्दी बोलपत्रको माध्यमबाट दमकल उत्पादक कम्पनी, अधिकृत बिक्रेता तथा दमकल बिक्री गर्न अनुमति प्राप्त आपुर्तिकर्ताबाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरू</u>**

१. तपसिलमा उल्लेखित फारम दस्तुर (फिता नहुने) नगद बुझाई नगदी रसीद वा रा.बा.बैक,सुनसरीमा रहेको यस दुहवी नगरापालिका, नगर कार्यपालिकाको कार्यालयको खाता नं २२२०३०४०१७१०३ मा जम्मा गरेको भौचर साथ कम्पनीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणित पतिलिपि संलग्न राखी दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी,सुनसरी Duhabibhaluwamun.gov.np बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं (मिति २०७४□०१□२९ ) गतेका दिन कार्यालय समय भित्र सम्म खरिद गर्न सकिनेछ । खरिद भएको बोलपत्र सम्बन्धी कागजात ३१ औ. (मिति २०७४□०१□३०) गतेका दिन दिउसोको १२.०० बजे सम्म दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीमा मात्र दर्ता गराउनु पर्नेछ । उल्लेखित कार्यालयबाट बिक्री भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नुपर्ने सम्पुर्ण पानाहरू भरी दर्ता गर्नु पर्नेछ ।

२. खरिद गरिएको बोलपत्रदाताले हाल सम्म आपूर्ति गरेको दमकलहरूको विवरण, **Average Annual Turn Over**, देखिने कागजातहरू, कालो सूचीमा नपरेको स्वयंम घोषणापत्र संलग्न गर्नु पर्नेछ । खरिद भएको बोलपत्र सम्बन्धित कागजात ३१ औं (मिति २०७४□०१□३०) गतेका दिन दिउसोको १२:०० बजे दर्ता भएका बोलपत्रहरू सोही दिन दिउसोको २.०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. शिलबन्दी बोलपत्र साथ दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीको नाममा राष्ट्रिय बाणिज्य बैंक, ईनरूवा शाखामा रहेका धरौटी खाता नं.२२२०३०३००७१०३ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम रकम जम्मा गर्न पठाउने कार्यालय : दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी, सुनसरी, कार्यालयको कोड नं.०९□३६५□१७ मा नगद जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बिड बण्ड बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुनेगरि कम्तिमा १२० दिन म्याद रहेको पेश गर्नु पर्ने छ ।

५. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा वा अंकमा मात्र लेखिएमा उक्त बोलपत्र स्वत: रद्द हुनेछ । केरमेट भएको ठांउमा बोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

६. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्ध गरी कालो सुचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफरिस गरिनेछ ।

७. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन ।

८. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने" सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

१०. यो सुचना दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको **website: www.duhabibhaluwamun.gov.np** मा समेत राखिएको छ ।

**<u>तपसिल</u>**

| सि.न | ठेक्का नं. | कामको विवरण | धरौटी रकम रू. | फाराम दस्तुर रू. |
|---|---|---|---|---|
| १. | १०□०७३□७४ | दमकल(Fire Fighter) | १,४०,०००।०० | ३०००।०० |

खिल राज राई

निमित कार्यकारी अधिकृत